म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ८७ बुधवार २३ कात्तिक २०७९ ने. सं. ११४३ कछलाथ्व 9 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं ।
- नियमित रुपमा शारिरीक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आगामी सरकारको नेतृत्व कांग्रेसले नै गर्छ : प्रवक्ता महत्त

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले निर्वाचनपछि बन्ने गठबन्धन सरकारको नेतृत्व नेपाली कांग्रेसले गर्ने बताएका छन् ।

मंगलबार प्रेस युनियन मकवानपुरले हेटौंडामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन् । महतले निर्वाचनपश्चात् बन्ने सरकारको नेतृत्व गर्ने विषयमा सत्तारुढ गठबन्धन भित्र सहमति भइनसकेको बताए ।



डा. महतले आगामी सरकारको विषयमा औपचारिक निर्णय वा कुनै सहमति नभएको प्रष्ट्याए । उनले नेकपा माओवादी केन्द्रको अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीमा दावी नगरेको समेत बताए । सञ्चारकर्मीहरुले माओवादी अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीमा दावी गरेको हो भनेर सोधेको प्रश्नमा उनले भने 'प्रचण्ड जीले दावी गर्नु भएको छैन । समर्थक शुभेच्छुकले भन्नु भएको होला ।

प्रधानमन्त्रीको विषयमा औपचारिक रुपमा कुनै सहमति भएको छैन ।' महतले चुनावपछि बन्ने गठबन्धन सरकारको नेतृत्व कसले गर्ने निर्णय भइनसकेको भएपनि नेपाली कांग्रेसले नै गर्ने दावी पनि गरे । प्रतिनिधि सभाको प्रत्यक्षतर्फको १६५ सिटमध्ये सत्तारुढ गठबन्धनको नेतृत्व गर्दै ९१ मा कांग्रेस एक्लैले उम्मेदवारी दिएको कारण पनि कांग्रेसले गठबन्धनको नेतृत्व गरिरहेको प्रष्ट हुने उनको भनाइ थियो ।

'प्रत्यक्षतर्फको ७४ सिटमा गठबन्धनमा रहेको अन्य चार दलको उम्मेदवारी रहेको छ । यहाँबाटै प्रष्ट हुन्छ नेतृत्वदायी भूमिकामा कांग्रेस रहेको छ भन्ने ।', उनले सहमति नभएपनि कांग्रेसकै नेतृत्वमै आगामी सरकार अगाडि बढ्ने सम्भावना दोहोऱ्याए । उनले देशमा संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि जोड्ने नेतृत्व आवश्यकता रहेको औंल्याउँदै त्यसको नेतृत्व वर्तमान प्रधानमन्त्री शेर बहादुर देउवाले मात्र गर्न सक्ने दावी गरे । 'ओली जीको नेतृत्व जोड्ने नेतृत्व होइन । सहिष्ण पनि छैन ।',

डा.महतले अघिल्लो निर्वाचनमा नेकपाले पाँचवर्षे म्यानडेट प्राप्त गरेपनि त्यसलाई जोगाउन नसकेको बताए । 'पाँचवर्षे म्यानडेट प्राप्त नेकपा फुटेर अहिले तीन टुक्रा भएको छ । त्यसमध्ये दुईवटा दल अहिले हामीसँग गठबन्धनमा हुनुहुन्छ ।', उनले देशमा विकासको गति बढाउन गठबन्धनले जित्न जरुरी रहेको औंल्याए । उनले मिश्रित निर्वाचन प्रणाली भएका कारण कुनै पनि दलको बहुमत नआउने भएका कारण गठबन्धन गर्नुपरेको बताए । 'चुनावपश्चात् गठबन्धन गर्नुभन्दा अहिले लय मिलेकै समयमा गरौं भनेर अगाडि बढेका हौं ।', उनले थपे । महतले संविधान र व्यवस्था रक्षासहित जनताको अवस्था परिवर्तन, मुलुकमा स्थिरता र समृद्धि ल्याउन गठबन्धन निर्माण भएको बताए । उनलेले मकवानपुरमा लोकतान्त्रिक गठबन्धनका सबै उम्मेदवार सक्षम र सशक्त रहेको बताउँदै आसन्न निर्वाचनमा उनीहरुलाई मतदात गरी विजयी गराइदिन हुन आग्रह गरे । प्रदेश र प्रतिनिधीसभाका धेरै क्षेत्रमा कांग्रेसले जित्ने उनको दावि छ ।

कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री तथा मकवानपुर क्षेत्र नम्बर-१ का उम्मेदवार महालक्ष्मी उपाध्याय डिना, कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा लगायतकाको उपस्थिती रहेको थियो ।

## 'डिना जी साहसी नेतृ हुनुहुन्छ'

हेटौंडा, २२ कातिक/ नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले कांग्रेस केन्द्रीय सहमहामन्त्री समेत रहेकी मकवानपुरको निर्वाचन क्षेत्र नम्वर १ को प्रतिनिधीसभा सदस्यको उम्मेदवार महालक्ष्मी उपाध्याय डिना साहसी नेतृ भएको बताएका छन् ।

मंगलबार प्रेस युनियन मकवानपुरले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले सत्तारुढ बाम गठबन्धनको तर्फबाट उम्मेदवार बनेकी डिनालाई साहसी नेतृको रुपमा चित्रण गरेका हुन् । सहमहामन्त्री डिनाले समानुपातिकबाट सोझै पाएको सांसद पद त्यागेर प्रत्यक्ष निर्वाचनमा होमिएको महतले बताए ।

'पहिलो महिला सह-महामन्त्री जस्तो मान्छे उहाँले सिधै समानुपातिकबाट सांसद पद पाउनु भएको थियो । तर,होइन म प्रत्यक्ष निर्वाचन नै लड्छु,जे परिणाम आउँला आउँला भनेर प्रत्यक्ष उम्मेदवार बन्नुभयो । हिजोको दिनमा पनि प्रत्यक्ष निर्वाचन लड्न आँट गर्ने मान्छे हो ।

जनतासँग नजिकबाट काम गरेर जनताबाटै निर्वाचित हुन्छु भनेर उहाँ फेरि आउनुभयो । उहाँ महिला नेतृहरुमा साहसी व्यक्ति हो',महतले भने । जनताको बीचमा गएर निर्वाचित भएर आउछु भन्ने शसक्त महिलालाई जिताउनुपर्ने उनले बताए ।

महतले निर्वाचित भएको खण्डमा डिनाले महत्वपुर्ण मन्त्रालयको जिम्मेवारीसमेत पाउने भन्दै मकवानपुर जिल्लाको लागि गर्वको विषय बन्ने बताए । उनले डिनालाई भारी मतले जिताउनको लागि सबैलाई अपील पनि गरे ।

# मुख्यमन्त्रीका दावेदार बानियाँ अंकगणितमा बलियो

साझाकुरा संवाददाता

हेटौंडा, २२ कातिक/ मंसिर ४ गते प्रतिनिधीसभा तथा प्रदेशसभाको निर्वाचन हुँदैछ ।

निर्वाचनको मिती नजिकिएसँगै कसले चुनाव जित्ला भन्ने अड्कलबाजी हुन थालेको छ । यसक्रममा गत बैशाखमा भएको स्थानीय तहको निर्वाचनमा दलका उम्मेदवारहरुले प्राप्त गरेको मतलाई समेत आधार बनाई विश्लेषण भइरहेको छ । मकवानपुरमा दुईवटा प्रतिनिधीसभा र ४ वटा प्रदेशसभाको निर्वाचन क्षेत्र रहेको छ ।



मकवानपुरमा आसन्न निर्वाचन रोचक हुने देखिएको छ । जिल्लाको दुवै प्रतिनिधीसभा र ४ वटै प्रदेशसभाको निर्वाचन रोचक हुने देखिएको हो । मकवानपुरको निर्वाचन क्षेत्र नम्वर २ को ख मा यो पटकको निर्र्वाचन अघिल्लो भन्दा फरक बनेको छ ।

राजनीतिक दलहरुमा आएको फेरबदलले सो निर्वाचन क्षेत्रको चुनावलाई अघिल्लो भन्दा फरक बनाएको हो । ०७४ मा भएको निर्वाचनमा सो क्षेत्रबाट नेपाली कांग्रेसका ईन्द्रबहादुर बानियाँले चुनाव जितेका थिए । बानियाँले एमाले उम्मेदवार राजाराम स्याङ्तानलाई पराजित गरेका थिए ।

माओवादीको बलबुतामा चुनाव उठेका स्याङ्तानलाई बानियाँले एक हजार ४ सय ११ मतान्तरले पराजित गरेका थिए । त्यतिबेला बानियाँ एक्लै चुनावी मैदानमा थिए । अहिले चुनावी सेरोफेरो बद्लिएको छ । अघिल्लो चुनावमा एक्लै नेकपाको उम्मेदवारलाई पराजित गरेका बानियाँलाई यो पटक माओवादीको साथ छ ।

यो चुनावमा बानियाँको निकट प्रतिष्पर्धी बनेका स्याङतानको साथ पनि उनलाई छ । जसले बानियाँलाई चुनाव जीत्नको लागि सहज बनाएको छ । ०७४ को निर्वाचनमा बानियाँले १९ हजार दुईसय ४५ मत पाएका थिए भने एमालेका स्याङ्तानले १७ हजार ८ सय ३४ मत पाए । यो निर्वाचनमा उनीसँग उनको प्रतिष्पर्धीको रुपमा नेकपा एमालेले लालबहादुर थापालाई मैदानमा उतारेको छ । थापा एक्लै मैदानमा होमिएका छन् ।

बानियाँको निर्वाचन क्षेत्र मकवानपुर-२ प्रदेशसभा ख मा ६७ हजार ४ सय ६९ मतदाता छन् । हेटौंडाको ३ र १९ नम्वर वडासहित मनहरी गाउँपालिका,राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिका उनको निर्वाचन क्षेत्रमा पर्दछ । गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा यी स्थानीय तहको ३० वटा वडामध्ये नेपाली कांग्रेसले १६ वडामा जित हाात पारेको थियो भने माओवादी र एमाले ७/७ वटा वडामा विजयी भएको थियो ।

स्थानीय तहको निर्वाचनमा यो क्षेत्रको वडाहरुमा वडाध्यक्षले पाएको मत हेर्दा नेपाली कांग्रेस सबैभन्दा अगाडि छ भने एमाले दोस्रो र माओवादी तेस्रो स्थानमा छ । स्थानीय तह चुनावमा यो निर्वाचन क्षेत्रमा कांग्रेसको वडाध्यक्षले १९ हजार ७२, एमालेको वडाध्यक्षले १३ हजाार पाँचसय ८३ र माओवादीको वडाध्यक्षले ११ हजार ७१ मत पाएका थिए ।

यो तथ्यांक हेर्दा कांग्रेस एक्लै पनि एमालेभन्दा अगाडि छ भने माओवादीसँग मत जोड्दा कुल मत संख्या ३० हजार एकसय ४३ पुग्छ । यसरी हेर्दा गठबन्धन एमाले भन्दा १६ हजार पाँचसय ६० मतले अगाडि छ । यसमा नेकपा एकिकृत समाजवादीको मत जोडिदा गठबन्धन एमाले भन्दा अझै मजबुद देखिन्छ । त्यसैले आसन्न निर्वाचनमा बानियाँलाई चुनाव जित्नको लागि सहज हुने देखिन्छ ।

# हेटौंडा आएर रवि लामिछानेले भने: मत फेर्नुस्, पार्टी नफेर्नुस्

साझाकुरा संवाददाता

हेटौंडा, २२ कातिक/ राष्ट्रिय स्वतन्त्र पार्टीको अध्यक्ष रवि लामिछानेले मंसिर ४ गते हुन लागेको निर्वाचनमा आफ्नो मत फेर्नको लागि आग्रह गरेका छन् ।

मंगलबार हेटौंडामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै लामिछानेले मतदाताहरुलाई आफ्नो पार्टी नभई मत मात्रै फेर्न आग्रह गरे । उनले मुलुकमा भ्रष्टाचार अन्त्य गर्नका लागि आफुहरुलाई मतदान गर्न आह्वान गरे । 'तपाइहरुको पार्टी छोड्नुस भन्दीन तर, यो पटकको मत हामिलाई दिनुहोस । पुष्पलाल र विपीले बनाएको पार्टी छोड्नुस भनेको होइनकी आफ्नो मत यस पटक हामिलाई दिनुहोस भनेको हो',उनले भने ।



भ्रष्टाचार पुर्ण रुपमा नियन्त्रण गर्नका लागि एक पटक आफुहरुलाई मतदान गरेर देखाउन दोहोर्याएर आग्रह गरे । लामिछानेले मंसिर ४ गते देशले सरप्राइज पाउने बताए । मंसिर ४ गते हुने निर्वाचनले नपत्याउदो नतिजा दिएर देशलाई नै सरप्राइज दिने दावी गरे । आफ्नो पार्टीको लागि भोट माग्दै उनले भने'मैले सुनेको छु देशले यो पटक सरप्राइज कुरिरहेको छ रे ।

काठमाडौं र धरानबाट त्यो सरप्राइज सुरु भइसकेको छ । चितवनबाट म सरप्राइज दिन्छु, मकवानपुरबाट तपाईहरुले एउटा आवाज तपाईहरुले निकाल्नुहोला । त्यो आवाज घण्टिको हुनेछ । 'लामिछानेले मतदातालाई भ्रमित बनाउने काम गर्ने नाङ्गेझार लगाउने चेतावनी दिए ।

'कयौं नेताहरुले भोट हाल्ने ठाउँमा सिसि क्यामेरा राखेको हुन्छौ । हामिलाई भोट हाले नहालेको थाहा हुन्छ भन्दै जनतालाई तर्साउने काम गरेको सुनेको छ' उनले भने'यस्तो झुटो गरेर मतदातालाई झुक्याउनेलाई नाङ्गेझार पार्न नपरोस् ।

'लामिछानेले पत्रकारिताबाट आफूले धेरै चेलिबेटी तथा युवाहरुलाई विदेशबाट उद्धार गरेको ल्याएको भन्दै विदेश नै जान नपर्ने नीति बनाउन राजनीतिमा आएको बताए । उनले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा सरकार बने युवाहरु रोजगारीमा विदेशिनु पर्ने अवस्थाको अन्त्य गर्ने दावी गरे । उनले आफू सधैं जनताको घरदैलो र चोक चौतारामा भेटिने भन्दै आफ्नो पार्टीलाई जिताउन आग्रह गरे । लामिछानेले भने 'चिनि नहालेको कालो चिया पकाएर राख्नुहोस् ,म कुनैपनि तपाईहरुको घरमा आउनसक्छु ।'

# समृद्धिका लागि एमाले सरकार: श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, २२ कार्तिक/ मकवानपुरको प्रदेशसभा १ को (ख)मा नेकपा एमालेबाट उम्मेदवार रहेका एकालाल श्रेष्ठले समृद्धिका लागि एमाले सरकार आवश्यक रहेको बताएका छन् ।

एमाले जिल्ला अध्यक्ष समेत रहेका श्रेष्ठले एमाले आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि अपरिहार्य रहेको बताए । समृद्धिका लागि एमालेको विकल्पमा अन्य पार्टीहरु नरहेको बताए ।

मंगलबार हेटौंडा-१४ मा आयोजना भएको घरदैलो पछिको कोणसभामा बोल्दै उम्मेद्वार श्रेष्ठले एमाले नेतृत्वको सरकारको खोजी जनताले गरिरहेको बताए । कांग्रेस नेतृत्वको गठबन्धन सरकारका कारण मुलुक संकटमा परेकोले त्यसबाट मुलुकलाई पार लगाउन आगामी निर्वाचनपछि एमाले नेतृत्वको सरकारको विकल्प नरहेको स्पष्ट पारे ।

'कांग्रेस नेतृत्वको गठबन्धनको कारणले मुलुक संकटतर्फ जाँदैछ, आर्थिक गतिविधि ठप्प छन्, वैदेशिक रोजगारमा जानेहरुको संख्या बढिरहेको छ, कृषकहरुले मल बीउ पाएका छैनन् यी सबै समस्या हल गर्न एमाले नेतृत्वको सरकार गठन गर्नु आवश्यकता हो', श्रेष्ठले भने ।

नेपालको आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको निम्ति एउटा बलियो राष्ट्रिय सामर्थ्य भएको शक्ति एमाले रहेको भन्दै उनले देश भित्रको आवश्यकताले नेकपा (एमाले)को नेतृत्व खोजी गरेको धारणा राखेका छन् ।

# सरकारले खेल क्षेत्रलाई प्राथामिकतामा राख्छ: पराजुली

साझाकुरा संवाददाता

हेटौंडा, २२ कातिक/ मकवानपुर क्षेत्र नम्बर १ को प्रदेश सभा निर्वाचन क्षेत्र 'ख' का उम्मेदवार कांग्रेसका नेता आनन्दराम पराजुलीले केन्द्र र प्रदेश सरकारले खेल क्षेत्रलाई विशेष प्राथामिकतामा राखेर काम गर्ने बताएका छन् ।

कांग्रेसको खेलकुद समन्वय प्रचारप्रसार उपसमितिले हेटौंडामा आयोजना गरेको खेलाडी भेटघाट तथा छलफल कार्यक्रममा उनले मंसिर ४ को निर्वाचन पछि बन्ने केन्द्र र प्रदेश सरकारले खेल क्षेत्रलाई विशेष प्राथामिकतामा राखेर काम गर्ने बताएका हुन् । उनले खेलकुद-कर्मीको समस्या समाधानमा पहल गर्ने प्रतिबद्धता जनाए । मुलुकको विकास र समृद्धिका लागि गठबन्धन बनेको उल्लेख गर्दै उनले खेलकुद सहित सर्वाङ्गीण विकासमा काम गर्ने पराजुलीको भनाई थियो । 'हामी गर्नसक्ने काम मात्रै बोल्छौं । एमालेले जस्तो हावादारी आश्वासन र फोस्रा नारा बाँड्दैनौं', पराजुलीले भने, 'खेलसहित स्वास्थ्य, शिक्षा, रोजगारी, पूर्वाधार विकास लगायतका क्षेत्रमा साझा योजना बनाएर काम गर्नेछौं ।' खेल क्षेत्रसंग सम्बन्धित जानकारहरुसंगको छलफल र समन्वयमा यस क्षेत्रको समस्या समाधानमा अघि बढ्ने उनले प्रतिबद्धता जनाए । खेलमा आफू जित्न लागिपर्ने खेलाडीहरुले आफैं मैदानमा उत्रिएझैं गठबन्धनका उम्मेदवारलाई जिताउने अभियानमा लाग्न उनले अनुरोध गरे ।

# उपमहानगरमा घरजग्गा व्यासायीको धर्ना

साझाकुरा संवाददाता

हेटौंडा, २२ कार्तिक/ जग्गा वर्गीकरणको विषयलाई लिएर मकवानपुर घरजग्गा व्यवसायी संघले हेटौंडा उपमहानगरपालिकामा धर्ना दिएको छ ।

उपमहानगरपालिकाले जग्गा वर्गीकरणको विषयलाई कार्यान्वयन गर्ने सम्वन्धमा आलटाल गरेको भन्दै मकवानपुर घरजग्गा व्यवसायी संघले हेटौंडा उपमहानगर पालिकाको ध्यानाकर्षण गराएको हो । मंगलबार व्यवसायीहरुले उपमहानगर पालिका परिसरमा ब्यानरसहित नारावाजी गरेका थिए । संघले पटक-पटक मौखिक जानकारी गराउँदासमेत उपमहानगरपालिकाले वेवास्ता गरेको भन्दै आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको हो । आज बुधवार हेटौंडा उपमहानगरपालिका परिषरमा प्लेकार्ड सहितको धर्ना, उपमहानगर पालिकाको मुख्य गेटमा तालाबन्दी, २५ गते नगर प्रमुख तथा उपप्रमुखको कार्यकक्षमा तालाबन्दी र २७ गते हेटौंडा उपमहानगरपालिकाको सम्पूर्ण सेवा ठप्प पार्ने कार्यक्रम तय गरिएको संघका मकवानपुर अध्यक्ष विष्णुप्रसाद घिमिरेले बताए । संघले उपमहानगरपालिमा ध्यानाकर्षण पत्र दिएको छ ।

# कवानपुरमा ८ जना डेंगु संक्रमित थपिए

हेटौंडा/मकवानपुरमा ८ जना डेंगु संक्रमित थपिएका छन् ।

स्वास्थ्य कार्यालय मकवानपुरको अनुसार मंगलबार जिल्लामा मंगलबार ८ जना डेंगु संक्रमित थपिएका हुन् ।

संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकाका सात जना र राक्सिराङ गाउँपालिकाका एक जना रहेका छन् । योसँगै जिल्लामा डेंगु पुष्टिको संख्या ५ हजार ३ सय ५३ जना पुगेको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# स्वतन्त्रतामा सहज जीवनयापन

हरेक वर्षको नोभेम्बर ९ तारिखका दिन संयुक्त राज्य अमेरिकामा विश्व स्वतन्त्रता दिवस मनाइने गर्दछ । अमेरिकाका पूर्व राष्ट्रपति जर्ज डब्ल्यु बुशले जर्मनीको बर्लिनमा रहेको पूर्वी र पश्चिमी बर्लिनलाई विभाजन गर्ने पर्खाललाई फुटाएको र मध्य र पूर्वी युरोपमा कम्युनिस्ट शासनको औपचारिक अन्त्य भएको उपलक्ष्यमा सोही दिन अर्थात् नोभेम्बर ९ तारिखका दिन विश्व स्वतन्त्रता दिवसको घोषणा गरेका हुन् । सन् २००१ मा जर्ज डब्ल्यु वुशले विश्व स्वतन्त्रता दिवसको घोषणा गरेका हुन् । विश्वमा पूँजीवादको अत्यन्त जोडदार प्रवर्तक राष्ट्र अमेरिकामा आजको दिन युवा विद्यार्थीहरू अनि रिपब्लिकन पार्टीका युवाहरूले विभिन्न कार्यक्रमको आयोजना गरेर स्वतन्त्रता दिवस मनाउने गर्दछन् । विश्वमा शित युद्धको अन्त्य गर्दै सोभियत युनियनलाई धराशायी पार्न ठूलो भूमिका निर्वाह गर्ने अमेरिकी पूर्व राष्ट्रप्रमुख रोनाल्ड रेगनको पनि आजको दिन अमेरिकामा चर्चा हुने गर्दछ ।

अमेरिकीहरूले विशेष जोड दिएर आजको दिनलाई विश्व स्वतन्त्रता दिवसका रूपमा मनाए पनि विश्वका अन्य राष्ट्रहरू विशेषत: यूरोपी राष्ट्रहरू भने आजको यस दिनलाई विश्व स्वतन्त्रता दिवसका रूपमा मनाउन उदासीन देखिन्छन् । शितयूद्धकाल देखिनै संसारमा पूँजीवादी, कम्युनिस्ट र केही समाजवादी देशहरूमा बैचारिक, कार्यगत अनि प्रणालीगत विवाद रहिआएको छ । न्यु ग्लोवलाइजेसन अनि न्यु न्याशिनोलिजमको बिचार अनुसार सम्पूर्ण विश्वका बासिन्दालाई एउटै पहिचान अनि विश्वबन्धुत्वको दर्शनभित्र फराकिलो दायरामा राखिएको छ । कम्युनिस्ट विचारधाराका होस् या पूँजीवादी विचारधाराका होस् या अन्य कुनै विचारधाराका होस् तर, स्वतन्त्रताको प्रत्याभूति अनि स्वतन्त्र जीवनयापनको महत्व मानव समुदायमा अति नै महत्वपूर्ण छ ।

नेपालमा पनि क्रमैसँग विसं २००७, २०४६ अनि २०६३ गर्दै स्वतन्त्रताका नयाँ नयाँ आयामहरू थपिँदै गएको छ । स्वतन्त्रताको परिधिभित्र सहज जीवनयापन गर्न पाउने सहजता पनि पर्दछ । बाटोको अत्यधिक सवारी जामदेखि ग्याँस अनि तेलको लाइन, मूल्य बृद्धि, भ्रष्टाचार अनि कानुनी राज्यको कमी नेपाली समाजको स्वतन्त्रताका समस्याहरू हुन यसलाई हामी कुनै न कुनै रूपमा हरेक दिन हामी सबैले भोगी आएका छौँ । आशा छ नेपाली स्वतन्त्रताको परिभाषामा नेपालीहरूको सहज र पारदर्शी जीवनयापन पनि छिट्टै पर्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक २४ गते बिहीबार १० नोभेम्बर २०२२ । कात्तिक द्वितीया मार्ग कृष्णपक्ष। कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:२२, सूर्यास्त ५:१२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मांगलिक कार्य सम्पादन | तुला | : यात्रामा भयले सताउने |
| वृष | : कार्यमा बाधा | वृश्चिक | : उपचार खर्च वृद्धि हुने |
| मिथुन | : आकस्मिक लाभ हुने | धनु | : मानसम्मान मिल्ने |
| कर्कट | : अर्थहानि हुने | मकर | : जोस एवम् जांगर बढ्ने |
| सिंह | : स्थानान्तरण हुनसक्ने | कुम्भ | : बादविवाद बढ्ने |
| कन्या | : दुस्चिन्ताले पिरोल्ने | मीन | : घरेलु काममा रुचि |

# 'नो नट अगेन' कि 'वान्स मोर अगेन ?'



सञ्जिव कार्की

कतिपय रचनात्मक अभियान र नारा कतिपयको लागि टाउको दुखाइको विषय बन्छ । सामाजिक सञ्जाल विभिन्न प्रयोगको स्थल हो, त्यहाँ हुने अनेक प्रयोगले मान्छेको जनजीवनलाई प्रत्यक्ष 'टच' गर्छ । मर्नु न बाँच्नुको स्थितिदेखि देह त्यागसम्मको अप्रिय अवस्था हुँदै मर्न मन गरिसकेकालाई बाँच्न प्रेरणा दिनेसम्मका घटनाको साक्षी, भोक्ता र दर्शक बनाउँछ ।

सोसल मिडियालाई 'डाइरेक्ट डेमोक्रेसी'को अभ्यास स्थलसम्मको परिचय प्रदान गरिन्छ । ताजा जनमत बुझ्न सामाजिक सञ्जालको भित्तो चिहाउँदा सार्वजनिक रूपमा उठेका विषय र प्रसंगबारे सत्यको नजिक पुग्न सकिने अनुभव धेरै छ । यसर्थ आजको प्रजातन्त्र सामाजिक सञ्जालको भित्तोमा प्रतिबिम्बित हुन्छ भन्दा अन्यथा नहोला ।

प्रसंग 'नो नट एगेन' को हो । चुनावको सन्दर्भमा हालै प्रारम्भ भएको 'नो नट एगेन'को पेजले राजनीतिमा तरङ्ग उत्पन्न गरिदियो । पुराना, टेस्टेड र पार्टीको उपल्लो निकायदेखि पटक पटक सांसद, मन्त्री र प्रधानमन्त्री भइसकेका नेताहरूबारे यो पेजले जे बोल्यो, जे भन्यो, त्यसले सबै पार्टीका नेतागणलाई भस्कायो । मानौं चुनाव अघि नै परिणाम घोषणा गरिएझैं बनायो ।

त्यसैले यो अभियान अर्थात् 'नो नट एगेन'लाई अफवाह फैलाएको भनियो, घृणाको प्रचारप्रसार गरेको ठहराइयो । नेताहरू स्वयंले प्रतिवाद गर्न नसकेर यो अभियानलाई निर्वाचन आयोगमार्फत् कारवाही गर्ने र प्रतिबन्ध लगाउने सम्मको विचार प्रवाह गरियो । प्रहरी गुहारियो र साइबर कानून आकर्षित हुने सन्देश दिइयो । निर्वाचन आयोगजस्तो संवैधानिक निकायमार्फत् यसलाई नियोजन गर्ने सङ्केत गरियो, बन्द गर्ने चेतावनी दिइयो । यसको व्यापक विरोधपछि, अदालतको सुनुवाइपछि आयोग नरम हुँदै सभ्य भाषामा टिप्पणी गर्न सकिने भनेको छ ।

आयोगको कदमलाई स्वतन्त्रतापूर्वक जनप्रतिनिधि छान्ने, रोज्ने प्रजातान्त्रिक हकको खिलाफको गतिविधिको रूपमा बुझ्न सकिन्छ । हो, कसैकाप्रति पनि अनावश्यक लान्छना र आरोप लगाउन पाइन्न । वाक स्वतन्त्रता जति हुन्छ, वाक मर्यादा पनि त्यति नै हुन्छ । यी दुवै एक अर्काका परिपूरक हुन् ।

अप्रमाणिक मिथ्या अभियोजन गर्न पाइन्न, गरेमा त्यसविरुद्ध कानुनी उपचारको हक हाम्रो संविधानले प्रत्याभूत गरेको पनि छ । तर, कसैलाई हामी फेरि छान्दैनौ भन्ने अधिकार पनि मतदाता, अभियानकर्ता र सामाजिक, राजनीतिक कार्यकर्ताहरूसँग रहन्छ । कसैले कसैलाई छान्ने छोड्ने स्वतन्त्रता हुन्छ । छान्न पाउनेले छोड्छु भन्न किन नपाउने ?

यसरी एउटा अभियानसँग एउटा स्लोगनसँग तर्सिनुपर्ने कारण पक्कै सामान्य अवस्थाको उपज होइन । कुनै पनि आवाज रोक्ने, छेक्ने, निषेध गर्ने परिपाटी बहुदलीय लोकतन्त्रका असुन्दर पक्ष हुन् । विचारको प्रतिवाद विचारले गर्न सकिन्छ । भौतिक र शारीरिक आक्रमण धाक, धम्की र सत्ताको सामर्थ्यले होइन । गलत भाष्य चिर्न असल भाष्य निर्माण गर्न सकिन्छ । थेसिसको प्रतिवाद एन्टीथेसिस हो, न कि प्रतिशोध र प्रतिबन्ध ?

पार्टीका नेताहरूको रवैयाले जनतामा निराशा छाएको सत्य घामजत्तिकै छर्लङ्ग छ । यद्यपि सबै एकै हुन्, सबै असक्षम र कुनै पनि नेता र पार्टी काम नै नलाग्ने छन्, यो भने सत्य होइन । हो, पार्टीहरू बिग्रेका छन्, नेताहरू लोक अभिमतअनुसार चल्न सकेका छैनन् । यसो भन्दैमा पार्टीतन्त्र असफल नै भएको निष्कर्ष आजको सत्य होइन ।

लोकतन्त्रमा पार्टीको विकल्प पार्टी नै हो । लोकतन्त्र भन्दा सुन्दर व्यवस्था आजसम्म प्रयोगमा छैन । अत: हामीले उपयोग गरेको लोकतन्त्रको कमजोरीसहित नै उत्तम व्यवस्थाको रूपमा संसारभर परिचित र अधिकतम अभ्यास गरिएको व्यवस्था हो यो । यसको विकल्प खोज्ने बेला भएको छैन तर यस व्यवस्थामा रहेका कमजोरी र त्रुटीलाई घटाउने सुधार्न भने ढिला भएकै छ । सबैलाई एकै डालोमा हाल्नु उचित हुन्न तर आम मान्छेले त्यसरी बुझ्न सक्दैनन् र सबै उस्तै हुन्, कुनै पनि नेता तात्विक रूपमा भिन्न छैनन् भन्ने लाग्छ । आजको परि दृश्यले निर्माण गरेको यो भाष्य हो, जुन चिर्ने र सबै गतिला होइनन्, छैनन् भन्ने भाष्यलाई काउन्टर दिने भाष्य सिर्जना गरेर आफ्नो र पार्टीको प्रतिरक्षा गर्नुपर्ने दायित्व पार्टीका भाष्यकार, विद्वान, बुद्धिजीवी, सिद्धान्तकार र बुज्रुक वर्गको हो ।

आफ्ना समर्थक र शुभेच्छुक थिंक ट्यांक परिचालन गरेर नेताहरूले आफू र आफ्नो पार्टीमाथि लागेका अनर्गल आरोपको खण्डन गर्नुपर्ने हुन्छ । अन्य अवस्थामा भन्दा विशेष गरी चुनावको बेला मुख्य मुख्य नेताहरूलाई राजनीतिक आक्रमण गरिन्छ, जुन संसारभरको चलन हो ।

तर, दुर्भाग्य प्रतिबन्धात्मक व्यवस्थाको वकालत गरेर पार्टीहरू, नेताहरू अलोकतान्त्रिक प्रक्रिया अवलम्बन गर्दैछन् । ढाकछोपको असफल प्रयास गर्दैछन्, जसलाई पराजय र शीर उठाउन नसक्ने हतास मानसिकता भनेर बुझ्न सकिन्छ । पार्टीहरूको यो मानसिकताले निर्वाचन बहिष्कार गर्ने तीन पार्टीहरू विप्लव, आहुति र वैद्यको नाराले सार्थकता प्राप्त गर्नेछ ।

नेताहरूको विरोध गर्न नै नहुने अवस्था पनि होइन । नेताहरूले समर्थन गर्ने भन्दा ज्यादा विरोध गर्ने काम गरेका कारण नै यति धेरै विरोधको सामना गर्नु परेको हो । नेताहरू विरोध र प्रतिवाद गर्न लायक छन् । आफूलाई मन लागेको कुरा निर्वाध रूपमा गर्न पाउने स्वतन्त्रताको विरुद्ध कोही बोल्छ भने त्यो अवज्ञा गर्ने हदको हुन्छ । यो प्रजातन्त्र हो, नेतातन्त्र होइन । तसर्थ तर्कसम्मत विरोध र 'नो नट एगेन' भन्ने स्वतन्त्रता रहन्छ ।

यही स्वतन्त्रता र अधिकारको विरुद्ध वर्षौ लडेका पार्टी र नेताहरू कसैले प्रयोग गरेको स्वतन्त्रतासँग भस्कनु पर्दैन । स्वतन्त्रता कति प्रिय र स्तुत्य हुन्छ, सो प्राप्तिको लागि तड्पेर संघर्ष गरेका नेताहरूलाई थाहा नभएको विषय होइन । 'नो नट एगेन'अभियानले आत्मसमीक्षाको अवसरसमेत दिएको छ । लोकतन्त्रमा कोही नेता पनि अप्रश्नीय बन्नु हुँदैन । म पनि प्रश्नको घेरमा छु है भन्ने हेक्का नेतागणले सदैव राख्नुपर्छ । नेताहरूले लोकतन्त्रको धोती खुस्काउने नभएर लोकतन्त्रलाई श्लील बनाउने भरमग्दुर जोड गर्नुपर्छ । 'नो नट एगेन भन्नेलाई वान्स मोर एगेन' भन्ने वातावरण नेता आफै र आफ्ना समर्थक शुभेच्छुकमार्फत् गर्न लगाउनु पर्छ । त्यसका लागि आफूले गरेका जनहितका कार्यदेखि, गणतन्त्रसम्मको लडाईंका फेहरिस्त पस्कनु पर्छ । प्रजातन्त्र गुम्दा र नहुँदाका बेफाइदाबारे जानकारी गराउनु पर्छ । जनता असन्तुष्ट हुन सक्छन्, 'नाइँ हुन्न' भन्न सक्छन् । त्यसैले तिनीहरूलाई कन्भिन्स गर्न कार्यकर्ता चाहिने हो । नेताको विचार जनतासम्म पुर्याउन विभिन्न सञ्चार माध्यम चाहिने हो ।

यावत माध्यम र तरिकाले नेताहरू, पार्टीहरू जनसमक्ष पुग्नुपर्छ । विपक्षीले लगाएको नारादेखि भागेर, लुकेर र त्यसको प्रतिवाद गर्नुको बदला निषेध गरेर हिंड्नु आरोप स्वीकार गर्नु सरह हो । त्यसैले 'नो नट एगेनको विरुद्ध वान्स मोर एगेन' भन्ने रचनात्मक प्रतिरोधको वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो ।

प्रजातन्त्रको मानदण्ड भनेको विरोध गर्न नदिनु होइन । विरोधी मत सुन्नु र सो मत आफ्नो पक्षमा आफ्ना सुकर्मका माध्यमबाट पार्न आहोरात्र प्रयत्न गर्नु हो । विरोधी मतलाई समर्थन गर्ने बनाउन कुनै जादु गर्नु पर्दैन, बस् विश्वास दिलाए पुग्छ । लोकतान्त्रिक आचरण र व्यवहार गरे पुग्छ । जनताको चाहनालाई मुखरित गरे पुग्छ । समस्यासँग भाग्ने नेता होइन, भिड्ने नेता जनताको लागि प्रिय र आदरणीय हुन्छन् ।

सँधै र बारम्बार बहुदलीय व्यवस्था प्राप्तिपछि २०४८, २०५१, २०५६, २०६४, २०७०, २०७४ को संसदीय निर्वाचन हुँदै आजपर्यन्त २०७९ सालसम्म कुनै पनि चुनाव लड्न नछोडेका नेता देख्दा जनतामा नैराश्य उत्पन्न हुनु अस्वाभाविक पनि होइन ।

नेताहरूको औचित्य र उपादेयताको आधारमा स्क्रिनिङ गर्नु पनि पर्छ । स्क्रिनिङ गर्ने भरपर्दो माध्यम र परिपाटी चुनाव हो । जनताले कसलाई छान्ने, त्यो उनीहरूको तजबिजको विषय हो । सबै नेता बहिष्कारयोग्य पनि छैनन् र सबै नेता चुनिन योग्य पनि होइनन् । फेरि एक पटक चुनाव हार्नु भनेको सदाको लागि राजनीति सकिनु पनि त होइन नि ? *साभार : रातोपाटी*

# 'जलवायु परिवर्तनमा विश्व तातेको छ, अब नेपाली नेतृत्व तात्नुपर्छ'



श्रेया केसी

म अहिले विश्व जलवायु सम्मेलन (कोप २७) मा भाग लिनका लागि इजिप्टको सामएलसेखमा आएकी छु । यहाँको छलफललाई ध्यान दिएर सुनिरहेकी छु । विश्वका विभिन्न देशबाट आएका सरकारी र गैरसरकारी प्रतिनिधि, अभियन्ता, युवा र व्यापारी सबैको कुरा सुन्दा जलवायु परिवर्तन किन विश्वका लागि महत्वपूर्ण मुद्दा बनेको रहेछ भनी बोध भएको छ । अझ त्यसभन्दा बढी, नेपाल र विशेषत: यसको राजनीतिक नेतृत्व किन यस सवालमा छलफल गर्न ढिला गरिरहेको छ भनेर चिन्तित छु ।

हुन त नेपालको सन्दर्भमा जलवायु परिवर्तन आज देखिएको समस्या होइन । यो समस्या पछिल्लो केही समयदेखि हामीबीच नै थियो, जुन आज पनि व्याप्त छ र भोलि अझ भयावह हुने देखिएको छ । औसत तापक्रम बढ्दै जाँदा हामीलाई आगामी वर्षहरूमा असन्तुलित मौसमी अवस्थाको मात्रा अझ धेरै बढ्नेछ भन्ने डर छ । कहिले खडेरी पर्ला भन्ने पिर, कहिले बाढीपहिरो, कहिले हिउँ पग्लेला भन्ने पिर, अहिले हिमताल विस्फोट होला भन्ने पिर ।

हुन त नेपालमा प्राकृतिक विपद्का पछाडि जलवायु परिवर्तन एक मात्र कारण हो भनेर सामान्यीकृत गर्न पनि मिल्दैन । बाढी आउनेबित्तिकै जलवायु परिवर्तनलाई दोष लगाइहाल्नुहुँदैन । कतिपय अवस्थामा प्राकृतिक कारणले नै बाढीपहिरोजस्ता घटना घट्छन् भने कतिपय अवस्थामा जलवायु परिवर्तन बाहेकका अन्य मानवीय गतिविधि जिम्मेवार रहन्छन्, उदाहरणका लागि– 'डोजरे विकास' । तर, पहिल्यै विद्यमान यस्ता कारणमा जलवायु परिवर्तन पनि थपिंदा हामीमा जोखिम बढेको कुरा चाहिं सत्य हो ।

नेपाल जलवायु परिवर्तनका प्रभावको बढी जोखिममा हुनुका पछाडि मुख्यत: दुई वटा कारण रहेको मैले पाएकी छु । एक त हाम्रो भौगोलिक अवस्था । भौगोलिक विविधतामा जति नै गर्व गरे पनि त्यही विविधता हाम्रा लागि जोखिम भएको छ किनकि कुनै-कुनै भौगोलिक अवस्था जलवायु परिवर्तनका अगाडि अत्यन्त कमजोर सावित भइदिन्छ र विपद्का घटनासँगै विनाशको बाटोमा जान्छ ।

अर्को, हाम्रो देशका अधिकांश जनताको जीविका प्रत्यक्षत: प्राकृतिक स्रोत-साधनमा निर्भर छ । त्यति मात्र होइन, यहाँ मानिसको धर्म-संस्कृति पनि प्रकृतिसँगै गाँसिएको छ । अर्थात् जलवायु परिवर्तनले यहाँ प्रकृतिको मात्र विनाश हुनेवाला छैन, मानिसको गाँस-बास-कपासमै दैनिक असर पर्न सक्नेछ । संस्कृति र प्रकृतिको अन्तरसम्बन्धका कारण उनीहरूको पहिचान र राजनीतिक अस्तित्व समेत जलवायुमा निर्भर छ ।

जलवायु परिवर्तनको असर हाम्रा हिमालमा रहेको हिउँको बाक्लोपनमा देखिएको छ, जुन प्रत्यक्ष रूपमा देशको अर्थतन्त्रको मेरुदण्ड मानिएको पर्यटन उद्योगसँग सम्बन्धित छ । कृषिमा परेको असरबारे त हामीलाई धेरै कुरा थाहा भइसक्यो । बेमौसमी वर्षाले धान बाली नाश गर्दा किसानका आँखामा देखिएको आँसु पत्रपत्रिकामा छ्याप्छ्याप्ती भएको धेरै भएकै छैन । जलवायु परिवर्तनले हाम्रो कुल गार्हस्थ्य उत्पादनमा पारेको प्रभाव बुझ्न अब हामीले ढिला गर्नुहुँदैन ।यसै कारण जलवायु परिवर्तन नेपालका लागि मुख्य विकासको मुद्दा हुनुपर्छ । यसमा सबैको प्राथमिकता रहनुपर्छ, राजनीतिक नेतृत्वको अझ बढी । राजनीतिक नेताहरू सधैं जनताकै लागि राजनीति गरेको भन्नुहुन्छ । जलवायु परिवर्तन पनि आखिर जनताकै मुद्दा हो, उनीहरूको दैनिक जनजीवनदेखि पहिचानमा असर गरिरहेको मुद्दा हो ।

त्यसैले अब पनि जलवायु परिवर्तनलाई प्राथमिकतामा राख्नुहुन्न भने उहाँहरूको नियत के हो भनेर नै प्रश्न उठाउन सकिन्छ । जलवायु परिवर्तनको मुद्दा उठाउने सबैभन्दा उपयुक्त समय यही हो र त्यसका लागि सबैभन्दा जिम्मेवार समूह राजनीतिक नेतृत्व नै हो ।

हुन त पछिल्लो समय जनतामै पनि जलवायु परिवर्तनबारे चेतना फैलँदो छ । उल्लेख्य आकारको जनसमुदायले यसलाई आफ्नो प्राथमिकता बनाइसकेको छ, विशेषत: नयाँ पुस्ताले । यदि राजनीतिक नेतृत्वले नयाँ पुस्ताको आकांक्षालाई आफूमा समाहित गर्ने हो भने जलवायु परिवर्तनलाई प्राथमिकता नदिई सुखै छैन ।

राजनीतिक दलहरूका लागि आफ्ना परम्परागत प्रतिस्पर्धीहरू भन्दा आफूलाई कसरी फरक देखाउने भनेर यो एउटा मौका पनि हो । जुन दलले जलवायु परिवर्तन र दिगो विकासलाई मुख्य मुद्दा बनाउँछ, उसले स्पष्टत: आफू तत्कालीन लाभभन्दा माथि उठेर देशको दीर्घकालीन विकासका लागि तल्लीन रहेको दाबी गर्न पनि पाउँछ ।

अब बिजुली दिन्छु, बाटो बनाइदिन्छु वा पुल बनाइदिन्छु भनिएका भरमा चुनाव जित्ने समय गयो । नयाँ पुस्ताले बिजुली, बाटो र पुलभन्दा पनि आफ्नो सुरक्षित भविष्यसम्म पुग्नका लागि थप बलिया पूर्वाधार खोजेको छ । त्यो भनेको जलवायु परिवर्तनबाट सुरक्षा हो, जलवायु परिवर्तनका नकारात्मक असरसँग जुध्ने क्षमता हो, प्राकृतिक सम्पदाको दिगो संरक्षण हो, दिगो विकास हो । यी सबै विश्वव्यापी समस्या हुन्, अब तिनलाई स्थानीय सन्दर्भमा समायोजन गर्ने दायित्व दलहरूको हो । जनताले बुझ्ने भाषामा यी मुद्दाहरूलाई अगाडि बढाउन अब उनीहरूले ढिला गर्नुहुँदैन ।


*अब बिजुली दिन्छु, बाटो बनाइदिन्छु वा पुल बनाइदिन्छु भनेर चुनाव जित्ने समय गयो । नयाँ पुस्ताले आफ्नो सुरक्षित भविष्यसम्म पुग्नका लागि थप बलिया पूर्वाधार खोजेको छ । त्यो भनेको जलवायु परिवर्तनबाट सुरक्षा हो ।*

आगामी चुनावका लागि दलहरूले बनाएका घोषणापत्रमा जलवायु परिवर्तन र दिगो विकास उल्लेख गरिएका छन् । अभियन्ताका रूपमा हामी सधैं गुनासो गर्दै रहौंला, तर यी विषयहरू उल्लेखै मात्र हुनु पनि एक हिसाबले प्रगति नै हो भन्ने मैले मानेकी छु । तर अब तिनलाई कार्यान्वयन गर्न लाग्नुपर्छ । अनि बुझ्नुपर्छ कि शब्द उल्लेख गर्नु मात्र पर्याप्त छैन, उनीहरूका मुद्दामा थप स्पष्टता आउनुपर्छ, जलवायु परिवर्तनलाई मूलप्रवाहीकरण गरिनुपर्छ ।

आशा छ, राजनीतिक दलहरूले युवा पुस्तालाई नेतृत्वमा अगाडि बढाएसँगै यी परिवर्तनहरू पनि क्रमश: देखिँदै जानेछन् । अहिलेसम्म चाहिं मूल राजनीतिक नेतृत्वले युवालाई नाराका रूपमा मात्र लिएको छ । प्रमुख राजनीतिक दलहरूले यस अवस्थालाई बदल्ने आँट गरेमा जलवायु परिवर्तनको सामना गर्न हामी अझ सक्षम हुन्छौं भन्ने कुरामा शंका छैन ।

*साभार : अनलाइनखबर*

# 'ब्रहमास्त्र २ 'मा विजय देवरकोन्डा बन्न सक्छन् 'देव'!





रियल जोडी रणबीर कपूर र आलिया भट्ट अभिनीत यस वर्षको सुपरहिट फिल्म 'ब्रहमास्त्र : पार्ट वान् शिवा'को सिक्वेलको तयारी सुरु भइसकेको छ । पहिला पार्ट शिवा (रणबीर) चरित्रमाथि केन्द्रित थियो भने दोस्रो पार्ट देव चरित्रमाथि आधारित रहनेछ ।

त्यसैले सिक्वेलको नाम 'ब्रहमास्त्र : पार्ट टू देव' राखिएको छ । फिल्ममा देवको चरित्र निर्वाह गर्ने कलाकारको अझै टुंगो लागिसकेको छैन ।

अयान मुखर्जीको निर्देशनमा बन्ने 'ब्रहमास्त्र २'को देव चरित्रका लागि ऋतिक रोशन, रणवीर सिंह, 'केजीएफ' स्टार यशलाई अप्रोच गरिएको भए पनि तीनै जनाले अस्वीकार गरिसकेका छन् । अब साउथ सुपरस्टार विजय देवरकोन्डालाई फिल्म अप्रोच रिएको भारतीय मिडियाहरुले उल्लेख गरेका छन् ।

'ब्रहमास्त्र'का निर्माता करण जोहरले उनलाई फिल्मको अफर गरेको बताइएको छ । यसअघि विजयले करणको धर्मा प्रोडक्सनबाट निर्मित फिल्म 'लाइगर'मा काम गरिसकेका छन् । यही फिल्मबाट उनले बलिउडमा डेब्यू गरेका थिए । यसै कारण करणको रोजाईमा विजय परेका हुन् । तर, विजयले भने फिल्ममा काम गर्ने वा नगर्ने विषयमा निर्णय गरिसकेका छन् ।

उनले देवको चरित्र निर्वाह गर्न स्वीकार गरे फिल्मले साउथका दर्शकको पनि राम्रो साथ पाउन सक्नेछ । 'ब्रहमास्त्र २'मा र णवीर र आलियाको पनि अभिनय र हनेछ । पहिलो पार्टमा रणवीरले शिवाको चरित्र निर्वाह गरेका थिए । फिल्ममा भिजुअल इफेक्ट्स र भिएफएक्सको काम उत्कृष्ट थियो । यही कारण फिल्म दर्शकको रोजाईमा परेको थियो । फिल्ममा अमिताभ बच्चन, मौनी रोय र अक्किनेनी नागार्जुनको पनि अभिनय थियो । 'ब्रहमास्त्र २' अर्को वर्षको अन्तिममा प्रदर्शन हुने सम्भावना छ ।*-फिल्मीखबरबाट*

# पहिरनले उपासना विवादमा, धार्मिक आस्थामाथि अपमान भएको आरोप



काठमाडौं / आगामी फिल्म 'डिसेम्बर फल्स'को गीत छायांकनमा लगाएको पहिरनलाई लिएर अभिनेत्री उपासना सिंह ठकुरी विवादमा तानिएकी छन् ।

"चार घण्टा कुरेको" बोलको उक्त गीत सप्ताहन्तमा भक्तपुर दरबार स्क्वायरमा छायांकन गरिएको थियो । उपासनाको कस्टयुम यतिबेला इन्स्टाग्राम र टिकटकमा चर्चा र विवादको विषय बनेको छ ।

उपासनाले पहिरिएको गाउनमा मन्दिर, बौद्धनाथ स्तुपा (स्वयम्भू) र अन्य धार्मिक सम्पदालाई चित्रण गरिएको छ । यो गाउनलाई सुनिता श्रेष्ठले डिजाइन गरेकी हुन् ।

उपासनाको यो पोष्टमा फ्यान र सामाजिक सञ्जाल प्रयोगकर्ता आक्रामक देखिएका छन् । उनीहरुले उपासनाको उक्त पहिरनले धार्मिक आस्था र विश्वासमा प्रहार गरेको भन्दै आपत्ति जनाएका छन् । कतिपयले धर्म र सम्पदाको अपमान भएकोदेखि गीतको कन्सेप्टसँग कस्ट्युम नमिलेको तर्क गरेका छन् । केहीले मात्र उक्त कस्ट्युमको प्रशंसा गरेका छन् ।यो गीतमा उपासनाले आर्यन सिग्देलसँग अनस्क्रिन रोमान्स गर ेकी छन् भने पुस १५ गते फिल्म रि

# एक महिनादेखि अस्पतालको बेडमा छटपटाइरहेका उम्मेदवार

विराटनगर / ४ मंसिरमा हुने चुनावमा उम्मेदवारी दिएकाहरु मतदाता रिझाउन घरदैलो र भेटघाटमा व्यस्त छन् ।

सबै उम्मेदवार चुनावी अभियानमा व्यस्त हुँदा मोरङ-/३ 'क' मा उम्मेदवारी दिएका नेपाली कांग्रेसका उम्मेदवार शेखरचन्द्र थापा ३० दिनयता अस्पतालको बेडमा छटपटाइरहेका छन् । प्रदेश १ सरकारका वन वातावरण तथा भू संरक्षण मन्त्री थापा गत असोज २४ गतेयता अस्पतालमै छन् ।

थापा २०७४ सालमा समानुपातिक पद्धतिबाट प्रदेशसभामा निर्वाचित भएका थिए । यो पटक उनलाई कांग्रेसले प्रत्यक्ष तर्फको टिकट दिएको थियो । गत असोज २३ गते उम्मेदवारी मनोनयन दर्ता गरेका थापा २४ गते नै गम्भीर बिरामी परे । त्यसअघि भने उनी औषधि खाएर चुनावी अभियानमा थिए ।

असोज २४ गते स्वास्थ्य जटिल भएपछि उनलाई विराटनगर कै नोबेल मेडिकल कलेजमा भर्ना गरिएको थियो । गम्भीर प्रकारको निमोनिया देखिएपछि उनलाई थप उपचारका लागि असोज २७ गते हेलिकप्टरमा काठमाडौंको ह्याम्स अस्पताल लगिएको थियो ।

२५ दिन काठमाडौंको ह्याम्स अस्पतालमा राखेर उपचार गर्दा उनको निमोनिया ठीक भएको छ । उनलाई आफन्तले काठमाडौंबाट ल्याएर विराटनगरको नोबेल मेडिकल कलेजमा भर्ना गरेका छन् । स्वास्थ्यमा सुधार भएपनि अत्याधिक कमजोरी भएका कारण निरन्तर अक्सिजन सहयोगमा राखिएको छ ।

चुनावका लागि कार्यकर्ता भेट्न चासो देखाएपछि आफन्तले विराटनगर ल्याएका हुन् । 'अहिले सबै सामान्य भएको छ, तर धेरै कमजोरी छ,' शेखरकी श्रीमती लक्ष्मी कार्की थापाले भनिन्,' उहाँले नै जोडबल गरेपछि सोमबार विर ाटनगर आयौं ।'

चुनाव नजिकिँदै जाँदा उम्मेदवार थापा काठमाडौं बस्न नमानेको लक्ष्मीले बताइन् । नोबेलमा उनलाई भेट्न कार्यकर्ताहरु पुगिरहेका छन् ।

लक्ष्मीका अनुसार असोज दोस्रो सातादेखि नै थापाको स्वास्थ्यमा समस्या देखिएको थियो । ज्वरो आएपछि उनी औषधि खादै चुनावी अभियानमा सक्रिय थिए । असोज २३ गते औषधि सेवन गरेर मनोनयन दर्ता गर्न गएका उनलाई भोलिपल्ट गाह्रो भएको थियो । 'मनोनयन दर्ताअघि अफिसको काम र चुनावका लागि टिकटको दौडधुप थियो', लक्ष्मीले भनिन्,'औषधि खादै काममा खटिनुभएको थियो, पछि निमोनिया देखियो ।'

उनका अनुसार शेखर लाई निमोनिया र डेङ्गी सँगै देखिएको थियो । त्यसपछि पायल्सको समस्या पनि देखियो । 'अहिले सबै सामान्य हुँदैछ', उनले भनिन्,'मनोनयन दर्तापछि बिरामी भएका कारण घर दैलोमा जान सक्नुभएको छैन ।'

२४ सै घण्टा अक्सिजन सपोर्टमा बसिरहेका थापाले कार्यकर्ता र आफन्तसँग धेरैजसो इसाराले कुरा गर्छन् । श्रीमती र सहयोगीबाट निर्वाचन क्षेत्रमा भइरहेको चुनावी गतिविधिबारे जानकारी लिन्छन् 'उहाँलाई उम्मेदवार भएर पनि घर दैलोमा जान नपाएकोमा चिन्ता छ' लक्ष्मीले भनिन् ।

क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभा सदस्यका लागि नेकपा एमालेबाट भानुभक्त ढकाल, सत्तारुढ गठबन्धनबाट नेपाली कांग्रेसका डा. सुनील शर्मा, राप्रपाबाट रेखा थापालगायत उम्मेदवार छन् ।क्षेत्र नम्बर ३ को प्रदेश क मा नेकपा एमालेबाट किशोर राई उम्मेदवार छन् । उनी पथरी शनिश्चरे नगर पालिकाका पूर्व मेयर हुन् । क्षेत्र नम्बर ३ को ख बाट बेलबारी नगर पालिकाका पूर्व मेयर ज्ञानेन्द्र सुवेदी उम्मेदवार बनेका छन् ।

सत्तारुढ गठबन्धनबाट क्षेत्र नम्बर ३ को क मा कांग्रेस नेता शेखरचन्द्र थापा र क्षेत्र नम्बर ३ को ख बाट नेकपा एकीकृत समाजवादी पार्टीका नेता लक्ष्मी श्रेष्ठ उम्मेदवार छन् ।

स्थानीय तह निर्वाचनमा क्षेत्र नम्बर ३ मा नेकपा एमाले पहिलो बनेको थियो । वडामा नेकपा एमालेले ३७ हजार ४१०, नेपाली कांग्रेसले ३६ हजार ९१६ र माओवादी केन्द्रले ७ हजार ३७३ मत पाएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# यस्तो छ नेपाली समय अनुसार कतार विश्वकपको खेल तालिका




आगामी मंसिर ४ गते हुने फिफा विश्वकप फुटबल-२०२२ को उद्घाटनमा घरेलु टोली कतारले इक्वेडरको सामना गर्नेछ ।

समूह एमा रहेका कतार र इक्वेडरबीचको खेल मंसिर ४ गते आइतबार नेपाली समय अनुसार राति ९:४५ बजे अल बायत स्टेडियममा हुनेछ।

पहिलो दिन एउटा मात्र खेल हुने विश्वकप २०२२ को फाइनल खेल पुस ३ गते आइतबार नेपाली समय अनुसार राति ८:४५ बजे सुरू हुनेछ।

कतार विश्वकपमा ३२ टोलीको सहभागिता रहनेछ । समूह चरणमा एक दिनमा ४ खेल हुनेछन्। समूह चरणको खेल १२ दिनसम्म मंसिर ४ देखि १६ सम्म हुनेछ । यसअघि जुन र जुलाईमा विश्वकप फुटबल हुँदै आएको थियो । तर कतारमा अत्यधिक गर्मी हुने भएकोले आयोजकले पहिलो पटक विश्वकप नोभेम्बरमा गर्न लागेको हो। समूह चरणका खेलहरु चार फरक समयमा सुरु हुनेछन् ।

# निर्माणको म्याद सकिन ६ महिना बाँकी रहँदा नागढुंगा सुरुङमार्गमा ४५ प्रतिशत काम



काठमाडौं/ नागढुंगा सुरुङमार्ग निर्माणको शिलान्यास भएको ३६ महिना (३ वर्ष) मा ४५ प्रतिशत काम सकिएको छ । ४२ महिनाभित्र सक्ने गरी ४ कात्तिक २०७६ मा सुरु भएको सुरुङमार्ग आयोजनामा निर्माणको सुरु भएको थियो ।

लक्ष्यअनुसार काम हुने हो भने अबको ६ महिना अर्थात् आगामी वैशाखभित्र आयोजनाको काम सकिनुपर्छ । तर, अहिलेसम्म मुख्य सुरुङमार्ग र फ्लाइओभरको संरचनाको काम नै धेरै बाँकी रहेकाले आयोजना तोकिएको समयमा पूरा नहुने अवस्था देखिएको छ ।

मुल सुरुङमार्ग र त्यसका सहायक सुरुङमार्ग खण्डको काम भने ६७.३० प्रतिशत सकिएको सुरुङमार्ग आयोजनाले जनाएको छ ।

आयोजनाका अनुसार मुख्य सुरुङमार्गको २ हजार ६८८ मिटर मुख्य सुरुङमार्गमध्ये १ हजार ६४२ मिटर सुरुङ खनिएको छ । अकस्मिक रुपमा उद्धार गर्न बनाइने इभ्याकुएसन सुरुङको २ हजार ५५७ मिटर सुरुङमध्ये १ हजार ८६० मिटर सुरुङ खनिएको छ ।

वर्किङ अडिटको १२६ मिटरको काम सकिएको छ । वर्किङ पासेज १२८ मिटरमध्ये ७४.२ मिटर मात्रै निर्माण भएको छ । आयोजनाले ८३६ मिटर सुरुङमा कंक्रिट लाइनिङ गरेको छ । यो कुल सुरुङको २९.७० प्रतिशत मात्रै हो ।

३ वटा अन्डरपासको निर्माण सकिएको छ, ४ वटा बक्स कल्भर्ट बनेको छ । एउटा ओभरपास र ३ वटा पुल पनि तयार भइसकेका छन् । फ्लाइओभर निर्माणका लागि जग राख्ने काम हुँदैछ भने मुआब्जा वितरण पनि चलिरहेको छ ।

सडक खन्ने काम ७६ प्रतिशत सकिएको छ भने पुर्नका लागि गर्नुपर्ने काम ५६ प्रतिशत सकिएको छ । कुल आयोजनामा अहिलेसम्म ४५ प्रतिशत भौतिक निर्माणको काम सकिएको छ । अहिलेसम्म आयोजनाको कुल बजेटमध्ये ४८.८३ प्रतिशत रकम खर्च भइसकेको छ ।

आयोजनाको करिब ५० प्रतिशत काम भने सुरुङ बाहिर छ । सुरुङसँग राजमार्गलाई जोड्न पहुँच सडक रफ्लाइओभर निर्माण गरिँदैछ । सुरुङमार्गलाई त्रिभुवन राजपथसँग जोड्न २.८७ किलोमिटर (२ हजार ८७२) को पहुँचमार्ग बनाउनुपर्छ । यसका लागि गुर्जुधाराचोक र सुरुङको मुखमुनि दुईवटा फ्लाइओभर बनाउनुपर्छ । गुर्जुधारामा बन्ने फ्लाइओभर ६१० मिटरको हुनेछ ।

कलंकीबाट बलम्बु हुँदै नागढुंगा जोड्ने सडक क्रस गराउन करिब १५० मिटर लामो अर्को फ्लाइओभर बनाउनुपर्छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको १४ महिनापछि पुस २०७७ मा सुरुङमार्गमा खन्ने काम सुरु भएको थियो । २.६६८ किलोमिटर लामो यो सुरुङमार्ग वैशाख २०७७ देखि सुरु गर्ने योजना थियो ।

समयमै मेसिनन आइपुगेको, सुरुङको मुखको जग्गाको मुआब्जा विवाद नसल्टिएको लगायत कारण देखाउँदै काममा ढिलाइ भएको थियो । त्यसका कारण अहिले आयोजना तोकिएको समयमै सम्पन्न नहुने अवस्थामा आइपुगेको हो ।

सुरुङमार्ग र पहुँचमार्गमा करिब २२ अर्ब खर्च हुने अनुमान छ । यसमध्ये १६ अर्ब ६० करोड जापान सरकारले ०.०१ प्रतिशत व्याजदरमा ४० वर्षका लागि सहुलियत ऋण उपलब्ध गराएको छ ।

नेपाल सरकारले ५ अर्ब ५३ करोड लगानी गर्ने यो सुरुङमार्ग बनेपछि सिस्नेखोलाबाट २० मिनेटमा काठमाडौं आइपुगिन्नेछ ।

*-अनलाइनखबरबाट*

# सर्वोच्चले भन्यो- विश्वकप हेर्न ५ सय रूपैयाँ तिर्नुपर्ने निर्णय तत्काल कार्यान्वयन नगर्नू



सर्वोच्च अदालतले विश्वकपको प्रत्यक्ष प्रसारणको अनुमति लिएको मिडिया हब प्रालि तथा टेलिभिजन सेवा प्रदायकले प्रतिग्राहक ५ सय रूपैयाँ असुल्ने निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ ।

मंगलबार सर्वोच्चले उक्त अल्पकालीन अन्तरिम आदेश जारी गरेको सूचना अधिकारी देवेन्द्र ढकालले जानकारी दिए।

अधिवक्ता किशोर पौडेलले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश प्रकाशमान सिंह राउतको इजलासले अतिरिक्त शुल्क नलिई यथास्थितिमा राख्न आदेश दिएको सूचना अधिकारी ढकालले जानकारी दिए।

अदालतले दुवै पक्षलाई छलफलका लागि कात्तिक २७ गते बोलाएको उनले बताए । आगामी मंसिर ४ गतेदेखि कतारमा विश्वकप हुँदैछ ।

**"तपाई हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**



वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# मकवानपुर आइपुग्दा फुट्यो मतपेटिका

हेटौंडा, २२ कार्तिक/ आगामी ४ मंसिरमा हुने प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचनका लागि निर्वाचन आयोगले मकवानपुरमा पठाएको मतपेटिका फुटेको पाइएको छ ।

आयोगले २ सय भन्दा बढीको संख्यामा पठाएको मध्ये २३ वटा मतपेटिका फुटेको पाइएको हो । मतपेटिकाहरु प्रदेश निर्वाचन कार्यालयमा राखिएको छ । प्रदेश निर्वाचन कार्यालय निर्वाचनका सामग्रीले भरिएका छन् । मतपत्रदेखि मतपेटिकाहरु कार्यालयमा राखिएको छ । निर्वाचन कार्यालयमा रहेका सामग्रीहरुलाई सुरक्षा गर्न जनपथ र ससस्त्र प्रहरी कार्यालयमा खटिएका छन् । निर्वाचन आयोगले टेण्डर बाट नयाँ खरिद गरेर मटपेटिका मकवानपुर पठाएको हो । मतपेटिकामा मतदाताहरुले आफ्नो मनपर्ने उम्मेदवारलाई मत दिएर मतपत्र त्यहाँ खसाल्नु पर्दछ ।



हेटौंडा आइपुगेका मतपेटिकाहरु जिल्लास्थित सबै मतदान स्थलहरुमा पुर्‍यानेछ । तर, यसअघि कार्यालयले मतपेटिका हेर्दा फुटेको अवस्थामा भेटिएको हो । सेतो रंगको मतपेटिका कुनैको पिंधमा फेटेको कुनैको बिर्को फुटेको र कुनैको फक्लेटा नै उप्कीएको अवस्थामा देख्न सकिन्छ । प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख लुमनाथ पोखेलले फुटेका मत पेटिकालाई छुट्टै राखेर अरु नफुटेका मतपेटिकाको प्रयोग गरिने जानकारी दिए । नयाँ मतपेटिका अर्को ठुलो कार्टुनमा शिल गरेर ल्याउँदा समेत फुटेको अवस्थामा फेला परेको प्रदेश निर्वाचन कार्यालय हेटौंडाका अधिकृत गोविन्द प्रसाद पौडेल बताए ।

२३ वटा मतपेटिका फुटेको पाइएको पौडेलले बताए । मतपेटिकाको बिर्को भने १० वटाको फुटेको छ । मतपेटिका गाडीमा लोड अनलोड गर्दा, ल्याउँदा कतै ठोकिएर फुटेको हुन सक्ने पौडेल बताउँछन् । काठमाडौंबाट हेटौंडा ल्याउँदा फुटेको मतपेटिका आगामी दिनमा जिल्लाका गाउँगाउँबाट मतदानपछि सदरमुकाम ल्याउँदा फुट्ने डर भएको छ ।

# हातपात भएको भनेर भ्रम फलाइयो: गठबन्धन

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का गठबन्धन उम्मेदवार विरोध खतिवडामाथि भएको दुर्व्यवहार घटनामा कुनै सत्यता नरहेको गबठन्धनका दलहरुले स्पष्ट पारेका छन् ।

मंगलबार संयुक्त विज्ञप्ति जारी गर्दै गठबन्धनका दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)ले सञ्चारमाध्याममा आए जस्तो खतिवडामाथि हातपातको घटना नभएको दाबी गरेको छ ।

मंगलबार मनहरी गाउँपालिका-४, मसिनेमा गठबन्धनका दलको चुनावी सभामा खतिवडामाथि दुर्व्यवहारको घटना सार्वजनिक भएको थियो । खतिवडाले भने आफूमाथि दुर्व्यवहारको प्रयास भएपछि सञ्चारमाध्यममा आएजस्तो कुनै घटना भएको साझाकुरालाई जानकारी दिएका छन् ।

हेटौंडा उपमहानगर पालिका-२ घर भएका पुरुषोत्तम खड्काले खतिवडामाथि दुर्व्यवहार गरेको प्रहरीले जनाएको छ । खड्कालाई प्रहरीले चुनावी सभाबाटै नियन्त्रणमा लिएको थियो । नेपाली कांग्रेस मनहरी गाउँ समिति सभापति प्रकाश बर्तौला, नेकपा माओवादी केन्द्र मनहरीका सचिव सञ्जिव पाठक र नेकपा एकीकृत समाजवादी मनहरी गाउँ कमिटी अध्यक्ष नारायण श्रेष्ठले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उम्मेदवार खतिवडामाथि कुटपिट नभएको जनाए । विज्ञप्तिमा मदिरा सेवन गरेका खड्का लडेको विषयलाई कुटपिट भनेर प्रचार गरिएको जनाइएको छ । लडेर घाइते भएका उनलाई उद्धार गरी प्रहरीको जिम्मा लगाइएको विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी, खतिवडाले मनहरीमै मंगलबार साझ भएको चुनावी सभालाई सम्बोधन गर्दै आफूलाई सानातिना कुराले फरक नपर्ने प्रतिक्रिया दिएका छन् । एमालेले जाँड खुवाएर मान्छे पठाएको आरोप लगाए । खतिवडाले गठबन्धनका उम्मेदवारले निर्वाचन जित्ने निश्चित देखेपछि अत्ताल्लिएका एमालेले चुनावी सभामा जाँड खुवाएर मान्छे पठाएको आरोप लगाएका हुन । एमालेहरुले आफ्नो मुख देखाउन नसकेर जाँड खुवाएर मान्छे पठाएको उनको आरोप थियो । खतिवडाले राजा पछार्ने, केपी पछार्ने मान्छेलाई यस्ता सानातिना खत्राकखुत्रुक कुराहरुले फरक नपर्ने बताए ।

# गौरीटार रंगशालालाई सुविधा सम्पन्न बनाउने डीनाको प्रतिबद्धता

साझाकुरा संवाददाता




हेटौंडा, २२ कात्तिक/ नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री एवम् गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार महालक्ष्मी उपाध्याय डिनाले निर्माणाधीन गौरिटार रंगशालालाई सुविधा सम्पन्न बनाउन पहल गर्ने प्रतिबद्धता जनाएकि छन् ।

कांग्रेसको खेलकुद समन्वय प्रचारप्रसार उपसमितिले हेटौंडामा आयोजना गरेको खेलाडी भेटघाट तथा छलफल कार्यक्रममा उनले निर्माणाधीन गौरिटार रंगशालालाई सुविधा सम्पन्न बनाउन पहल गर्ने प्रतिबद्धता जनाएका हुन् । 'खेल जगतलाई नेपाली कांग्रेस र गठबन्धनले महत्वपूर्ण रुपमा हेरेको छ', उनले भनिन्, 'देशलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन योगदान पुर्‍याउने खेलकुद र खेलाडीका लागि नीतिगत निर्णय गरेर अघि बढेको छ ।

आगामी दिनमा खेल खेलेरै सम्मानपूर्वक बाँच्ने अवस्थाको निर्माण गर्नेछौं । आवश्यक पूर्वाधार निर्माणमा जोड दिनेछौं ।' खेलका सबै विधालाई समान महत्व दिएर आवश्यक नीति निर्माण गर्ने डिनाको भनाई थियो । मकवानपुरका मतदाताको गुनासो र समस्या सुन्न र सकेसम्म समाधान गर्नका लागि नै प्रत्यक्षतर्फ चुनावी मैदानमा होमिएको उनले जानकारी दिइन् ।

निर्वाचनको खेलमा गठबन्धनका उम्मेदवारहरुलाई जिताउने गरी लाग्न खेलाडी एवम् प्रशिक्षकहरुलाई उनले अनुरोध गरिन् । 'मंसिर ४ गते हुन लागेको निर्वाचनको खेलमा गठबन्धनलाई जिताउनुहोस् । तपाईं खेलकुदकर्मीले कहिल्यै निराश हुन नपर्ने गरी काम गर्नेछौं', डिनाले भनिन् ।

कांग्रेसको खेलकुद समन्वय प्रचारप्रसार उपसमितिका संयोजक एवम् अखिल नेपाल फुटबल संघ (एन्फा)का निवर्तमान अध्यक्ष कर्माछिरिङ शेर्पाले राप्रपा नेपालका अध्यक्ष कमल थापा र उनको भाई गणेश थापाले लामो समय एन्फाको नेतृत्व गर्दा पनि मकवानपुरमा खेलक्षेत्रको विकासमा कुनै काम नगरेको आरोप लगाएका छन् ।

'थापा दाजुभाईले लामो समय एन्फामा नेतृत्व गर्दा पनि मकवानपुरमा फुटबल र अन्य खेलको विकासमा कुनै काम हुन सकेन', शेर्पाले भने, 'अहिले ति असफल व्यक्तिहरु नै कोही उम्मेदवार, कोही जिताउने अभियानमा लागेको देखेको छु । आफ्नो पार्टीको चुनाव चिन्हबाट प्रतिपस्पर्धा गर्न नसक्नेले मकवानपुरको विकास गर्लान् भनेर आश गर्नु बेक्कार हो ।' भूकम्प पीडितको लागि आएको पैसा समेत गणेश थापाले आफू निकटका व्यक्तिहरुलाई बाँडेको उनले आरोप लगाए । 'एन्फामा बर्षौं नेतृत्व गर्दा, पटक पटक मन्त्री हुँदा जिल्लाको विकासमा सिन्को नभाँचनेले अब जितेर मकवानपुरको विकास गर्ला भनेर नसोचे पनि हुन्छ', शेर्पाले भने, 'गठबन्धनका उम्मेदवार महालक्ष्मी उपाध्याय, आनन्दराम पराजुली सहितका नेताहरुलाई जिताउनुहोस् वहाँहरुलाई खेल क्षेत्रमा कस्तो नीति तथा कार्यक्रम बनाउने भनेर हामी सहयोग गर्नेछौं ।'

कांग्रेसका केन्द्रीय प्रवक्ता डा.प्रकाशशरण महतको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य उमेशजंग रायमाझी, बागमती प्रदेश महामन्त्री राजु श्रेष्ठ, मकवानपुर जिल्ला सभापति बुद्ध लामा, खेलकुद समन्वय प्रचारप्रसार उपसमिति बागमती प्रदेश संयोजक कृष्णमुरारी गुरुङ, लोकतान्त्रिक खेलकुद संघ मकवानपुर अध्यक्ष सविन भट्टाचार्य लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# नवोदय विद्यालय वातावरण सम्मेलनमा उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ हेटौंडाको नवोदय विद्यालयका विद्यार्थीले जनकपुरको मोनास्टिक स्कुलमा भएको दुई दिने वातावरण सम्मेलनमा उत्कृष्ट कार्य प्रस्तुती गरेका छन् ।

जनकपुरको मोनाष्टिक स्कूलले दुईदिने जलवायु सम्मेलनको आयोजना गरेको थियो । भविष्यका सन्तानका लागि प्रकृतिको संरक्षणु नारा दिएर आयोजना गरिएको सम्मेलनमा प्रकृतिको संरक्षण सम्बन्धमा माटाका सामग्री निर्माण र प्रदर्शनीमा प्रतिस्पर्धा गराइएको थियो ।

नवोदय विद्यालयका रायन खनाल एक्सटेम्पोरी स्पिज र पेपर प्रिजिन्टेसनमा द्वितीय हुँदा नवोदय विद्यालय समग्रमा नै स्कूल च्याम्पियन घोषित बनेको थियो । नवोदय विद्यालयका परजन्य कुसुवाहा, आयुष चिमरिया, रायन खनाल, सार्थक ढकाल र प्रिन्स गोलेले




सहभागिता जनाएका थिए ।

आइतबार र सोमबार दुई दिन चलेको जलवायु सम्बन्धी वातावरण सम्मेलनमा काठमाडौं, भक्तपुर, तनहुँ, भैरहवा, सिमरा, हेटौंडा, झापा र धनुषा जनकपुर गरी २० वटा विद्यालयका प्रध्यानाध्यापक, शिक्षक एवम् दुई सय विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

सम्मेलनको उद्घाटन नेपालका लागि कतारका राजदूत युसुफ बिन मोहम्मद अल हइलले गरेका थिए । राजदुत हइलले शिक्षा मात्र नभई प्रकृति संरक्षणमार्फत भविष्यको सन्तति जोगाउन सकिए आगामी दिन सुखद रहने कुरालाई उजागर गर्दै विद्यालयले शिक्षा मात्र नभई आगामी पुस्ताका लागि गुणस्तरीय प्रकृति संरक्षण अभिभारा समेत हरेक नागरिक र संघ संस्थाले जोगाउन आवश्यक रहेको बताएका थिए ।

# हेटौंडामा भोलीदेखि विद्यालयस्तरीय क्रिकेट

साझाकुरा संवाददाता

हेटौंडा, २२ कार्तिक/ मकवानपुर क्रिकेट संघको आयोजनामा भोली बिहीवारदेखि पूर्वक्रिकेटर स्वर्गीय निरज श्रेष्ठको स्मृतिमा जिल्लास्तरीय अन्तरविद्यालय क्रिकेट प्रतियोगिता गर्दैछ ।

प्रतियोगिताको सम्पूर्ण तयारी सकिएको मंगलबार पत्रकार सम्मेलन गर्दै आयोजक संघले जानकारी दिएको हो । क्रिकेट संघका केन्द्रीय सदस्य करण महत्रा क्षेत्रीले प्रतियोगितामा हेटौंडाभित्रका सामुदायिक र संस्थागत विद्यालय गरी १२ वटा टिमले सहभागिता जनाउने तय भएको बताए । उनका अनुसार प्रतियोगिताको प्रथम हुने टिमले ३० हजार र देस्रो हुनेले २० हजार रुपैयाँ पुरस्कार पाउने भएको छ ।

हेटौंडा उपमहानगर पालिका-४ स्थित हुप्रचौरमा लिगकम नकआउटको आधारमा हुने प्रतियोगिताअन्तर्गत् प्रत्येक दिन दुई वटा खेल हुनेछन् । खेल बिहान र दिउसो गरेर खेलाइने क्षेत्रीले जानकारी दिए ।

१ मंसिरमा फाइनल खेल खेलाइने मकवानपुर क्रिकेट संघ अध्यक्ष बासुलाल श्रेष्ठले जानकारी दिए । प्रतियोगिताको लागि ३ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ । जिल्लास्तरीय भनिएपनि हेटौंडाका मात्रै विद्यालयहरुको सहभागिता रहेको छ । संघका अध्यक्ष श्रेष्ठले आगामी प्रतियोगिता पालिका स्तरीय गरिने बताए ।

केन्द्रीय सदस्य क्षेत्रीले जिल्लाका हरेक पालिकाबाट क्रिकेटका खेलाडी खोजी गरिने बताएका छन् । पत्रकार सम्मेलनमा प्रदेश क्रिकेट संघका उपाध्यक्ष प्रेम क्षेत्री, क्रिकेट संघ मकवानपुरका निवर्तमान अध्यक्ष सञ्जोग पोखरेल, प्रतियोगिता संयोजक धिरज श्रेष्ठ लगायतको उपस्थिति थियो ।

# मोटरसाइकल ठोक्किँदा १ जनाको मृत्यु

जनकपुरधाम, २२ कात्तिक/ महोत्तरीमा मोटरसाइक्ल बयललगाडमा ठोक्किएर एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा महोत्तरी गाउँपालिका ६ बस्ने २० वर्षीय शंकर पासवान रहेका प्रहरीले जनाएको छ ।

युवक सवार भारतीय नम्बर प्लेटको बीआर २०६२ नम्बरको मोटरसाइकल मंगलबार दिउँसो मडइ र रतावाराको बीचमा बयलगाडामा ठोक्किए दुर्घटना भएको हो ।

उनको शव पोस्टमार्टमका लागि जलेर अस्पतालमा राखिएको र घटना विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

**नारायणी यातायात व्यवसायी संघको साधारणसभा स्थगित भएको सम्बन्धी सूचना**

यस संघको ३५ औं वार्षिक साधारणसभा यही मिति २०७९ कात्तिक २६ गते हेटौंडा पार्टी प्यालेस, हेटौंडामा हुने भनिएकोमा मिति २०७९ मंसीर ४ गते हुन गइरहेको आमनिर्वाचनको आचारसंहिताको कारणले पूर्वनिर्धारित ३५ औं वार्षिक साधारणसभाको कार्यक्रम अर्को निर्णय नहुँदासम्मका लागि स्थगित गरिएको हुँदा सम्पूर्ण सदस्य यातायात व्यवसायीहरुमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सरोज खनाल (महासचिव)
**नारायणी यातायात व्यवसायी संघ**
हेटौडा, मकवानपुर

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

# सागर ढकाललाई अवरोध गरेकोबारे आयोगको गम्भीर ध्यानाकर्षण

काठमाडौं, २२ कात्तिक/ निर्वाचन आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका सन्दर्भमा राजनीतिक दल तथा उम्मेदवारलाई स्वतन्त्रतापूर्वक निर्वाधरूपमा प्रचार प्रसार गर्न तथा निर्वाचनमा खटिएका कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक एवं आम मतदाताहरूलाई आवश्यक सुरक्षाको प्रत्याभूतिसहित स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनमा सहभागी हुने उपयुक्त वातावरण तयार गर्न आयोगले ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई नेपाल सरकार, गृह मन्त्रालयमार्फत निर्देशन दिएको छ ।

डडेलधुरालगायत विभिन्न जिल्लाहरूमा उम्मेदवारहरूले निर्वाधरूपले प्रचारप्रसार गर्ने कार्यमा अवरोध भएको भन्ने सम्बन्धमा विभिन्न सञ्चारमाध्यमबाट प्रकाशित समाचार तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिक भएका विषयहरूप्रति निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै आयोगले सो निर्देशन दिएको हो ।

प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाविरुद्ध स्वतन्त्र उम्मेदवारी दिएका स्वतन्त्र उम्मेदवार सागर ढकालले डडेलधुरामा आफूलाई चुनाव प्रचारप्रसारमा रोक लगाइएको बताएका थिए ।

'नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्यमान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ,' आयोगको निर्देशनमा भनिएको छ, 'नेपालको संविधान र प्रचलित निर्वाचनसम्बन्धी कानुनको अधीनमा रही आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता र मितव्ययिता कायम गर्दै आफ्नो संवैधानिक जिम्मेवारी निर्वाह गरिरहेको छ ।

निर्वाचनमा उम्मेदवार भएका हरेक व्यक्तिलाई प्रतिस्पर्धाको समान अवसर प्राप्त हुन्छ भन्ने आम लोकतान्त्रिक विश्वासलाई कायम राख्नु आयोगको संवैधानिक जिम्मेवारी हो ।'

आवधिक निर्वाचनमा सार्वभौम अधिकारको अभिव्यक्ति मताधिकारमार्फत हुने हुँदा सार्वभौम मतदाता र आफ्नो लागि सार्वभौम जनताको मत र विश्वास माग गर्ने उम्मेदवार दुवै कानूनबमोजिम निर्वाचन प्रचारप्रसार गर्न स्वतन्त्र रहने भएकाले सार्वभौम मतदाता र उम्मेदवार दुवैलाई कानूनबमोजिम निर्वाचन प्रक्रियामा निर्वाध सहभागी हुने अक्षुण्ण अधिकार रहेको हुन्छ, यसलाई कुनै तवरबाट अवरोध गर्न गराउन नहुने आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२




हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

